प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १३० ॥ २०८१ असार ०६ गते बिहिबार (20th Jun 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

# कर्मचारी आन्दोलनले संसद् बैठक स्थगित



झापा(प्रस)।प्रतिनिधिसभाको बुधबारको बैठक स्थगित भएको छ। संघीय संसद्का कर्मचारीले आन्दोलन गरी प्रतिनिधिसभाको बैठकको कामकारबाहीलाई अवरोध गरेपछि स्थगित भएको हो ।

मन्त्रालयगत विनियोजनमाथि सांसदहरूले उठाएका प्रश्नको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले जवाफ दिएका थिए। त्यसपछि सांसदहरूले पूरक प्रश्न सोध्ने क्रम सुरु भएको थियो। पूरक प्रश्न सोधिरहेको बेला संसद्का कर्मचारीले आन्दोलन गरी सदनको प्रत्यक्ष प्रसारण गर्ने क्यामेरा सभामुख देवराज घिमिरेतिर मात्रै सोझ्याएका थिए। प्रश्न सोध्ने सांसदहरूलाई भने प्रत्यक्ष प्रसारणमा देखाइएको थिएन ।

लामो समय सभामुख घिमिरेलाई मात्रै प्रत्यक्ष प्रशारणमा देखाएपछि सांसदहरूले प्रश्न गरेका थिए । कांग्रेस सांसद रामहरि खतिवडाले कर्मचारीले ‘ब्ल्याक आउट’ गरेको अवस्थामा सदनको कारबाही अगाडि बढाउन नहुने बताएका थिए ।

सभामुख घिमिरेले सांसदका पूरक प्रश्न नसकिँदै र मन्त्री यादवले जवाफ दिन नपाउँदै संसद्को बैठक स्थगित गरिदिएका हुन् । सभामुखले बिहीबार ११ बजे बस्ने गरी प्रतिनिधिसभा बैठक स्थगित भएको जानकारी गराएका थिए ।

संघीय संसद्का कर्मचारीहरूले पछिल्लो समय तलब बृद्धि, आवास भत्ता, कार्यालय समयभन्दा बढी काम गरेको भत्तालगायतका माग गर्दै आएका छन् । सांसदहरूले भत्ता पाउने तर कर्मचारीले नपाउने भन्दै कर्मचारी आन्दोलनमा उत्रिएका हुन् । उनीहरुले आफ्ना माग पूरा नभएसम्म कार्यालयसमयबाहेक काम नगर्ने बताउँदै आएका छन्। असार ७ गतेसम्म माग सुनुवाइ नभए त्यसपछि तेस्रो चरणको आन्दोलन थाल्ने उनीहरूको घोषणा छ।

उनीहरुले संघीय संसदका पदाधिकारीहरू तथा सदस्यहरूको तलबमानमा मर्यादाक्रम अनुसार समयानुकूल संशोधन गरिनु पर्ने तथा समिति तथा उपसमिति बैठक सञ्चालन कार्यविधिलाई समयानुकूल बनाउनु पर्ने, सचिवालयमा कार्यरत करारका कर्मचारीहरूलाई बजेट प्रोत्साहन तथा नेपाल सरकारले लागु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने लगायतका मागसमेत अघि सारेका छन्।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा मन्त्रालयगत विनियोजनमाथि उठेका प्रश्नको ८ मन्त्रीले जवाफ दिने कार्यसूची थियो । तर कर्मचारीको आन्दोलने एउटा मन्त्रीले पनि जवाफ दिन सकेनन् ।

स्वास्थ्य, वन,शिक्षा, श्रम, शहरी विकास, रक्षा, खानेपानी र महिला मन्त्रीले मन्त्रालयगत विनियोजनमाथिको छलफलका क्रममा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने कार्यसूची रहेको थियो ।



**स्टन्टबाजी कि जिम्मेवारी ?**

**झापा(प्रस) । अविरल वर्षासंगै अधुवा खोलामा पानीको सतह बढ्न थालेपछि खोलाको सरसफाईमा बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाई आफैं खटिएका छन् । उनी बुधबार बिहानैबाट आफ्नो क्षेत्र भएर बग्ने खोलाको सरसफाईमा जुटेका हुन् । उनलाई स्थानीयले पनि साथ दिएका थिए । उनको यो कामको चौतर्फी प्रशंसा भइरहेको छ । बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले वडाध्यक्ष प्रसाई भाईरल हुन,स्टन्टबाजी गर्न नभएर वडा र नगर बनाउन लागिपरेका , जिम्मेवारी बुझेका जनप्रतिनिधि भएको प्रतिक्रिया दिएका छन् ।**

# प्रतिपक्षको बहिष्कारपछि कोशी प्रदेशसभाको सदन स्थगित

झापा(प्रस) । कोशी प्रदेशसभाको पाँचौं अधिवेशनको १०औं बैठक प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बहिष्कार गरेपछि स्थगन भएको छ । कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम १२५(४) बमोजिम आर्थिक वर्ष २०८१/८२ को आर्थिक विधेयकमाथि सभामा छलफल हुने बैठकको कार्यसूची थियो ।

निर्धारित समयभन्दा ढिलोगरी सुरु भएको सभामा सभामुख अम्बरबहादुर विष्टले बोल्न लाग्दा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र राप्रपाका सांसदहरु उभिएर विरोध जनाएपछि सभामुख विष्टले आफ्ना कुरा राख्न आग्रह गरेका थिए ।

नेपाली कांग्रेसका गोपाल तामाङ र राप्रपाका सविना बजगाइँले सरकारले सदनमा ल्याएको नीति तथा कार्यक्रमअनुसार बजेट नआएको जिकिर गरे । उनीहरुले रातो किताबमा उल्लेखित बजेट र योजना हेर्दा मन कुँडिएको, यसबाट निर्वाचनताका जनतालाई गरेको कबोल पूरा नहुने धारणा राख्दै बुधवारको सदन बहिष्कार गर्ने दलको निर्णय भएको सुनाएका थिए ।

सदनमा सत्तापक्षबाहेक अरु कुनै पनि दलका प्रतिनिधि नहुँदा सभामुख विष्टले बुधबारै ३ बजेसम्मका लागि सदन स्थगित गरेका थिए। स्थगन भएको अवधिमा सत्तापक्ष र प्रतिपक्षबीच सदन चलाउने सहमति नभएपछि बिहीबार बिहान ११ बजे बस्ने गरी सूचना जारी गरी सदन स्थगन गरेको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिए ।

नेपाल कम्युनिष्ट पार्टी(एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले सत्तापक्षले प्रतिपक्षसँग चित नबुझेको विषयमा वार्तामा खुलस्त ढङ्गले कुराकानी भएको र केही विषयमा सहमति हुन बाँकी रहेकाले बुधवारको सदन सञ्चालन हुन नसकेको प्रतिक्रिया दिए ।

# सार्वजनिक सुनुवाईमा जनप्रतिनिधि नआउँदा वडाबासी आक्रोशित

झिलझिले(प्रस)।आफैंले मत दिएर जिताएर पठाएका नगरका जनप्रतिनिधिहरु जवाफदेहिताको लागि कार्यक्रममा उपस्थित नहुँदा मंगलवार शिवसताक्षी नगरपालिका वडा नम्बर ८ का स्थानीय असन्तुष्ट बनेका छन् । कतिपयले उनीहरूलाई गैरजिम्मेवार जनप्रतिनिधिसम्म भन्न भ्याए।

दुई दिनअघि नै वडा कार्यालयले जनताका गुनासा वा सुझावको सुनुवाई गर्न नगर प्रमुख मेगाहाङ थोप्रा, उपप्रमुख नरमाया कार्कीलाई पत्र दिएर निमन्त्रणा गर्यो । पत्रसँगै वडा अध्यक्ष सन्तकुमार फेउदिनले टेलिफोन सम्पर्क गरी कार्यक्रममा उपस्थितिका लागि अनुरोधसमेत गरे। तर, नगर प्रमुख मेगाहाङ थोप्रा र उपप्रमुख नरमाया कार्की कार्यक्रममा उपस्थित भएनन् ।

नगर प्रमुख र उपप्रमुख मात्र होइन, प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राईसमेत कार्यक्रममा उपस्थित भएनन् । उनीहरुसंगै नगर कार्यपालिकाका शाखा प्रमुख कोही पनि कार्यक्रममा उपस्थित भएनन् । कार्यक्रममा सहभागी सेवाग्राहीले भने ‘ उपप्रमुखको मुखबाटै प्रश्नको जवाफ सुन्न आएको



थिएँ। खै, उहाँ त आउनु भएनछ। मेरो प्रश्नको जवाफ अब कसले दिन्छ ?’

‘पूर्वपश्चिम राजमार्गबाट सेभेनसिज अंग्रेजी माध्यमिक विद्यालय झर्ने सडकको नाला निर्माण भएको छ। यो गर्वको विषय हो। तर यसको निकास कहाँबाट हुन्छ, उपमेयर ज्यू? बिनानिकासको नाला निर्माण गर्नुको उद्देश्य के हो?’ यो प्रश्न केदारमणी सापकोटाले तेर्स्याए । उनको प्रश्नको समर्थन गर्दै कार्यक्रमस्थलमा ताली बज्यो । यो आयोजना नगरपालिका र स्थानीय उपभोक्ताको साझेदारीमा निर्माण भएको हो ।

अर्का स्थानीयले घर नक्सा किर्ते प्रकरणका बारेमा आफू एक लाख ६० हजारमा ठगिँदा दोषी देखिएका कर्मचारीलाई जोगाएको आरोप लगाए । नगरपालिकाले दोषीउपर कारबाही गर्न नसक्नु नगरपालिका स्वयम् दोषी भएको उनले पुष्टि गरे । स्थानीय भगिरथ घिमिरेले छानविन समितिले ‘ दोषी देखाएका कर्मचारीलाई किन संरक्षण गर्यो ? कारबाही गरेर भ्रष्टाचारमुक्त नगर नगरपालिकाले किन बनाउन सकेन ? लगायतका प्रश्न तेर्स्याए ।

❖ बाँकी अन्तिम पृष्ठमा

# आयुर्वेद अस्पताललाई प्रतिष्ठानमा विकास गरिने

झापा(प्रस)। पर्याप्त मात्रामा भौतिक पूर्वाधार भएपनि पूर्ण रूपमा सञ्चालन हुन नसकेको झापाको लखनपुरस्थित प्रादेशिक आयुर्वेद अस्पताललाई कोशी प्रदेश सरकारले कोशी आयुर्वेद प्रतिष्ठानका रूपमा विकास गर्ने भएको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा यस




अस्पताललाई जनशक्ति र आवश्यक उपकरण उपलब्ध गराउने उल्लेख गर्दै प्रतिष्ठानका रूपमा विकास गरिने उल्लेख छ ।

नागरिकलाई निरोगी बनाउन स्वस्थ जीवनशैली, आहारविहार, योग, ध्यान, व्यायाम प्रवर्धन गर्दै अस्पतालको विकासका लागि यो पटक प्रदेश सरकारले पहिलाभन्दा बढी बजेट विनियोजन गरेको हो। आयुर्वेद क्षेत्रको विकास र प्रवर्धन गर्न साढे १८ करोड रुपैयाँ बजेट प्रदेश सरकारले छुट्याएको छ ।

स्वास्थ्य मन्त्रालय कोशी प्रदेशकी सचिव डा. राधिका थपलियाले सुविधायुक्त तवरले आयुर्वेद अस्पताल सञ्चालनका लागि यो पटक बजेट विनियोजन भएको बताइन् । यहाँ ५० शय्या क्षमताको अस्पताल भए पनि जनशक्ति अभाव, स्वास्थ्य उपकरणको अभाव, औषधीको अभाव रहँदै आएको थियो ।

उनले भनिन्, “थप कर्मचारी व्यवस्थापन र अति आवश्यकीय उपकरण खरिदका लागि यो पटक बजेटमा समावेश भएको छ।” उनले प्रादेशिक आयुर्वेद प्रतिष्ठान र आयुर्वेद औषधी उत्पादन केन्द्रका रूपमा विकास गर्ने तयारी भइरहेको चाँडै सम्भाव्यता अध्ययन सुरु हुने बताइन् ।

प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरका निमित्त निर्देशक सिद्धार्थकुमार ठाकुरले आयुर्वेद क्षेत्रको शैक्षिक जनशक्ति उत्पादन गर्ने गरी आयुर्वेद प्रतिष्ठान बनाउनका लागि सरकारले नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेर यस क्षेत्रलाई प्राथमिकतामा राखेपछि यसले आफूहरूसहित स्थानीयलाई पनि उत्साही बनाएको बताए । अस्पतालले आयुर्वेदको मुख्य पञ्चकर्म र व्यवस्थित रूपमा विशेषज्ञ सेवा सुरु गरेको दुई वर्ष पनि नभएकाले अहिले केही अप्ठ्यारा र चुनौतीको सामना गर्नु परेको उनको भनाइ छ ।



# दुर्गा प्रसाईको मेडिकल कलेजलाई सम्बन्धन दिने निर्णय



झापा(प्रस)। राष्ट्रिय चिकित्सा शिक्षा आयोगले बिर्तामोडस्थित दुर्गा प्रसाईंको बीएण्डसी मेडिकल कलेजलाई सम्बन्धन दिने निर्णय गरेको छ । आयोगको मंगलबार बालुवाटारमा बसेको बैठकले प्रसाईंको मेडिकल कलेजलाई सम्बन्धन दिने निर्णय गरेको हो । आयोगका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । यसअघि सर्वोच्च अदालतले १५ दिनभित्रमा सम्बन्धन दिन सरकारको नाममा परमादेश जारी गरेको थियो । सोही आधारमा काठमाडौं विश्वविद्यालयले सम्बन्धनका लागि आयोगलाई लेखी पठाउने निर्णय गरेको थियो । सोही आधारमा मंगलबार बसेको आयोगको बैठकले सम्बन्धन दिने निर्णय गरेको हो । बैठकमा अध्यक्ष प्रचण्डसहित सहअध्यक्षद्वय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ र स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवलगायतको उपस्थिति थियो । सर्वोच्च अदालतले जेठ २४ गते काठमाडौं विश्वविद्यालय र चिकित्सा शिक्षा आयोगका नाममा परमादेश जारी गर्दै १५ दिनभित्र बीएण्डसीलाई सम्बन्धन दिन आदेश दिएको थियो । उक्त परमादेशपछि काठमाडौं विश्वविद्यालय कार्यकारी समितिको जेठ २७ गते बसेको बैठकले आयोगलाई सम्बन्धन दिनका लागि लेखी पठाउने निर्णय गरेको थियो । बीएण्डसीले २०६४ सालमा नै शिक्षा मन्त्रालयबाट आशयपत्र लिएको थियो । आशयपत्र लिएर पूर्वाधार तयार पारेर सञ्चालनको तयारी गरेको थियो । तर, २०७५ सालमा चिकित्सा शिक्षा ऐन जारी भएपछि सम्बन्धन पाउन सकेको थिएन । त्यसपछि मेडिकल कलेज सञ्चालक दुर्गा प्रसाईं सर्वोच्च पुगेका थिए ।

# भद्रपुरका सडकमा अलकत्रो नभएर ढुंगा देखिन थाल्यो

भद्रपुर(प्रस) । भद्रपुर नगर क्षेत्रमा जिम्मेवार प्राविधिक कर्मचारी र नियन्त्रण गर्न सक्ने जनप्रतिनिधि नहुँदा अधिकांश आयोजनाका कामहरू गुणस्तरहीन निर्माण भइरहेका छन् ।

नगर क्षेत्रमा पूर्वाधार विकासअन्तर्गत संघीय सरकार, प्रदेश सरकार र नगर सरकारको लगानीमा दर्जनौं आयोजनाका कामहरू निर्माणाधीन अवस्थामा रहेका छन् । यी कामको गुणस्तर कायम राख्न प्राविधिक कर्मचारी तथा जनप्रतिनिधिले इमानदारिता देखाउन नसकेपछि ठेकेदारमैत्री काम भइरहेका हुन् ।

अधिकांश निर्माण स्थलमा इन्जिनियरसहित टोली खटाएर आयोजनाका काम गर्ने गरी सरकारले लगानी गरेको हुन्छ तर, प्राविधिक कर्मचारी ठेकेदारको इसारामा कमिशनको आडमा अलमलिँदा कमसल सामग्री प्रयोग गरी ठेकेदार कम्पनीले गुणस्तरहीन काम गर्ने गरेका छन् । जनप्रतिनिधिहरू पनि कुनै न कुनै रूपमा ठेकेदारको संरक्षणमा रहने गरेका छन् । निर्माणाधीन आयोजनामा बढी जनगुनासा आए चर्चाका लागि कामको अनुगमन पनि गरेझैं गर्छन् तर, ठेकेदारमाथि कारवाही गर्न हिम्मत गर्दैनन् । दुई आर्थिक वर्षको मात्र तुलना गर्ने हो भने भद्रपुर नगरपालिका क्षेत्रमा निर्माण सम्पन्न भएका या निर्माणाधीन अवस्थामा रहेका अधिकांश भौतिक पूर्वाधारका संरचनाको गुणस्तरीयतामाथि प्रश्न उठ्ने अवस्था छ । नगर सरकारको एकल लगानीमा निर्माण तथा मर्मत भएका दर्जनौ सडक, ढल लगायत मात्र हेर्ने हो भने यहाँ कार्यरत प्राविधिक किन राखिएको हो ? भन्ने प्रश्न उब्जने गर्दछ ।

नगरपालिका क्षेत्रमा मर्मत गरिएका भनिएका दर्जन बढी सडकमा पोतिएका कालोपत्रे समेत वर्षाद शुरू भएपछि एकाएक हराउन थालेको दृष्यले सडक मर्मतका काम पनि मिलिखाने प्रवृत्ति बन्दै गएको संकेत पाइएको छ । करोड हाराहारी खर्च गरेर टालटुल गरिएका अधिकांश सडकमा पोतिएको कालोपत्रे नामोनिशानविहीन बन्न थालेपछि मिलिभगत प्रवृत्ति प्रष्टिएको छ । बैशाख अन्तिम साताबाट धमाधम गरिएका अधिकांश कालोपत्रे सडकमा पानी जम्ने, भत्कने क्रम देखिन थालेको छ भने नगरको बजार प्रवेश गर्ने मूल सडकको कालोपत्रे मापदण्डविपरित भएको प्रमाण ठाउँ ठाउँमा वेश ग्राभेलको सट्टा ढुंगाले पुरेको देखिन थालेको छ । जनता चौक हुँदै मूल वजार हुँदै भन्सार प्रवेश गर्ने सडकको कालोपत्रे जलप मात्र लगाइएकोले वेश ग्राभेलको सट्टा ढुंगा देखिने अवस्था आएको हो ।

# खनालले सर्वोच्चमा हालेको मुद्दा हारे



झापा(प्रस) । इलाम-१ बाट प्रतिनिधिसभा सदस्यमा पराजित एकीकृत समाजवादीका नेता झलनाथ खनालले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा हारेका छन्। निर्वाचन बदर गरी पुनः निर्वाचन गराई पाउँ भन्दै खनालले हालेको मुद्दा बुधबार सर्वोच्च अदालतको संवैधानिक इजलासले खारेज हुने फैसला सुनाएको हो। २०७९ मङ्सिरमा भएको निर्वाचनको नेता खनाललाई नेकपा एमालेका महेश बस्नेतले पराजित गरेका थिए। बस्नेतले २५ हजार ७५३ मत ल्याउँदा खनालले २३ हजार ८९ मत प्राप्त गरेका थिए। आफूले हार व्यहोर्नु परेपछि खनाल सर्वोच्च पुगेका थिए। निर्वाचनको मतदानमा धाँधली भएको दाबीसहित नेता खनालले इलाम १ मा पुनःनिर्वाचन गर्न माग गरेका थिए। रिट खारेज भएसँगै बस्नेतले वैधानिकता पाएका छन् । खनालको रिटमा २०७९ पुस ६ गते कारण देखाऊ आदेश जारी भएपनि त्यसपछि सुनुवाइ हुन सकेको थिएन। बुधवार विश्वम्भरप्रसाद श्रेष्ठ, प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, मनोजकुमार शर्माको पूर्ण/ संवैधानिक इजलासमा मुद्दा परेको थियो। यसैगरी दोहोऱ्याई मतगणना गरी पाउँ भनेर मुद्दा दायर गर्ने सुरेन्द्रप्रसाद चौधरी, महेन्द्र यादबको पनि रिट खारेज भएको छ।

# इलाममा करेन्ट लागेर एकजनाको मृत्यु



झापा(प्रस)। इलामको फाकफोकथुम गाउँपालिका-६ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ६६ बर्षीय कुलबहादुर बिश्वकर्मा रहेका छन् । मंगलवार बिहान ९ बजे पानी परिरहेको बेला छाता ओढेर गाउँतर्फ जाँदै गरेको अवस्थामा बाटोमा छाताले बिद्युतको तारमा अचानक छुन पुग्दा करेन्ट लागेर उनको घटनास्थलमा नै मृत्यु भएको थियो । मृतकको शवलाई आवश्यक कानुनी प्रकृया पुरा गरी पोष्टमार्टमको लागि जिल्ला अस्पताल इलाम पठाइएको छ भने घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय इलामबाट थप अनुसन्धान भइरहेको छ ।

# महिलालाई घरायसी सामान बनाउने तालिम



भद्रपुर(प्रस) । भद्रपुर नगरपालिका, वडा नं ९ स्थित चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहले वनमा आवद्ध महिला उपभोक्ताहरुका लागि दैनिक रुपमा आवश्यक घरायसी सामान बनाउने तालिम सञ्चालन गरेको छ । वनले वार्षिक कार्यक्रमअनुसार गरिबी न्यूनीकरण तथा महिला सशक्तिकरण कार्यक्रमअन्तर्गत महिला उपभोक्ताहरुका लागि साबुन, हार्पिक, सर्फ र फिनेल बनाउने तालिम सञ्चालन गरिएको समूहका कोषाध्यक्ष अनुज खतिवडाले जानकारी दिए । चार दिनसम्म चल्ने तालिमको बुधबार एक समारोहका बीच भद्रपुर नगरपालिका वडा न ९ का वडाध्यक्ष रामप्रसाद दाहालले उद्घाटन गरेका छन् । वनका अध्यक्ष दुर्गापसाद भट्टराईको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रमुख अतिथि वडाध्यक्ष दाहालले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतारी स्वरोजगार बन्न सहभागी महिलाहरुलाई आग्रह गरे । अध्यक्ष भट्टराईले तालिमको औचित्य प्रस्ट्याउँदै वनमा आवद्ध कोही परिवार वा उपभोक्ता सीपको अभावका कारण बेरोजगार बन्नु नपरोस् भन्ने उद्देश्यले तालिम आयोजना गरिएको उल्लेख गरे । उद्घाटन कार्यक्रमको सञ्चालन वनकी सदस्य मञ्जु अधिकारीले गरेकी थिइन् ।यही असार ८ गते शनिबारसम्म सञ्चालन हुने तालिममा प्रशिक्षकको रुपमा रुद्रप्रसाद भट्टराई र सीता बानियाँ रहेको कोषाध्यक्ष खतिवडाले बताए ।

## सार्वजनिक ...

तर, यसको जवाफ पनि उनले चित्तबुझ्दो पाउन सकेनन् ।उनले भने,' शिवसताक्षी नगरपालिका भ्रष्टाचारले चुर्लुम्म डुबेको छ ।'
घर नक्सा किर्ते प्रकरण छानबिन समितिको संयोजक उपप्रमुख नरमाया कार्की थिइन्। उनी कार्यक्रममा आइनन् । उनैको मुखबाट जवाफ चाहेको बताउने घिमिरेले वडा अध्यक्ष सन्तकुमार फेउदिनबाट आंशिक जवाफ सुने । तर, उनले चित्त बुझाएनन् ।
उपप्रमुख कार्की नेतृत्वको समितिले छानविन गरेर प्रतिवेदन नगर कार्यपालिकामा बुझाएको थियो । त्यो प्रतिवेदनउपर कारबाही नभएको वडा अध्यक्ष सन्तकुमार फेउदिनले स्विकार गरे । उनले नगरपालिकालाई दोष देखाउदै भने,'दोषी देखिएका कर्मचारीलाई नगरपालिकाले संरक्षण गरेकाले कार्वाही हुन नसकेको हो ।प्रतिवेदनका आधारमा दोषी देखिएका कर्मचारीलाई न त निलम्बन नै गर्यो न त कारबाहीको दायरामा ल्यायो ।'
अर्का स्थानीय दलकुमार शेर्माले सडकको विषयमा गम्भीर प्रश्न उठाए । उनको प्रश्न नगर प्रमुख मेगाहाङ थोप्राले दिनुपर्ने थियो। तर, उनी कार्यक्रममा सहभागी भएनन्। स्रोतका अनुसार मंगलबार भारी वर्षा भएर नदी नालामा पानीको जलसतह बढेका कारण सोको अनुगमनका क्रममा उनी निस्किएका थिए। उनले वडाध्यक्षलाई भनेका थिए 'फुर्सद भए आउँछु' तर, उनी बेफुर्सदिला भए । कार्यक्रममा आउन भ्याएनन् ।
'मेयर साहेब,डुडामारी चोकदेखि इमानसिंह चोकसम्मको कालोपत्रे सडक करिब २ करोडमा निर्माण भएको हो। अहिले यो सडक खाल्डै खाल्डाले भरिएको छ। २ करोड राज्यको सम्पत्ति खर्च भइरहँदा दुई लाख रुपैयाँ छुट्याएर खाल्डाले भरिएको सडक पुनर्निर्माण गर्न सकिन्न ?' यो प्रश्नको जवाफ कनिकुथी वडा अध्यक्ष फेउदेनले दिए । 'क्षतिग्रस्त सडकको तस्बिर र स्थानीय उपभोक्ताको संयुक्त हस्ताक्षरसहितको निवेदन लिएर वडा कार्यालय आउनुस् । तपाईंहरूसँगै म आफू मेयर साहेबकोमा गएर यो विषयको सम्बोधन गरौंला 'फेउदेनले भने ।
सहभागीले वडा अध्यक्षको कुरा सुनेर ताली त बजाए । तर, उपभोक्ताको यो गुनासो सम्बोधन हुने ठेगान छैन।
स्थानीय तारा मेहताको गुनासो पनि चानचुने थिएन । झिलझिले बजारको नाला, पिउने पानीको समस्या, जग्गाधनी प्रमाण पुर्जाको व्यवस्था स्थानीय सरकारले नगरेकोमा उनले आक्रोश पोखिन् ।
कार्यक्रमका अर्का सहभागी नेत्रप्रसाद कोइरालाले अन्य वडाको तुलनामा अधिक राजस्व वडा नम्बर ८ बाटै उठ्छ। तर, वडा सिलिङ बजेटमा समान हिसाबले वडालाई बजेट विनियोजन गर्नु न्यायोचित नभएको उनले गुनासो गरे । यो प्रश्नको जवाफ पनि नगर प्रमुखले दिनुपर्ने थियो। उनले प्रश्नको जवाफ पाउन सकेनन् ।
कार्यक्रममा सहभागीले शिक्षा, स्वास्थ्य, कृषि, योजना, पशु, खानेपानी, सामाजिक सुरक्षा लगायतका विषयमा जोडदार आवाज उठाएका थिए। तर विषयगत शाखा प्रमुख कार्यक्रममा उपस्थित नहुँदा सहभागीले चाहेको जस्तो जवाफ पाउन सकेनन् ।
स्थानीय रामकुमार चुडालले भने, 'जनप्रतिनिधि उद्घाटन र शिलान्यासमा व्यस्त हुन्छन् । जनताका कुरा सुन्न भ्याउँदैनन् । आफ्ना कुरा मात्र जनतालाई सुनाउँछन् ।कर्मचारी मासु भात र भत्ताका कार्यक्रममा सहभागी हुन्छन् । जनताले पाउने सेवा सुविधा र कार्यक्रमका बारेमा जानकारी दिन उनीहरू आउँदैनन् ।'
कार्यक्रममा उपेन्द्रकुमार शर्मा, प्रेमबहादुर बराल, मातृका पाण्डे, सन्दीप पाण्डे, केदारमणि सापकोटा, दलकुमार शर्मा, खेमप्रसाद दंगाल, भगिरथ घिमिरे, नेत्रप्रसाद कोइराला, उमेश मण्डल, कमल तामाङ, हरिशंकर सिलवाललगायतले समसामयिक विषयमा गुनासो र सुझाव शिवसताक्षी नगर र वडा कार्यपालिकालाई दिएका थिए।
सहभागीले सोधेका प्रश्नमध्ये ९ वटा नगरकेन्द्रित, ५ वटा वडाकेन्द्रित र एउटा योजना संघकेन्द्रित थियो । कतिपय सहभागीले गोप्य गुनासा राखेका थिए । सहभागीले राखेको गुनासा र सरोकारवालाले दिएको जवाफको नेत्रप्रसाद कोइराला, लोककुमारी डाँगी र हरि शंकर सिलवालले टिप्पणी उठाएका थिए । सेवाग्राहीले सोधेको प्रश्नको जवाफ वडा अध्यक्ष फेउदिन, वडा सदस्य ज्ञानप्रसाद लुइटेल, वडा सदस्य विवेक थिङ, झिलझिले माध्यमिक विद्यालयका प्रधानाध्यापक खेम निरौला, सिर्जना खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष शिवकुमार मेनेङ्गोले दिएका थिए।
वडा नम्बर ८मा चालु आर्थिक वर्ष भएका विकास निर्माण, त्यसको प्रभावकारिता, सेवा प्रवाह, पारदर्शिता र सुशासनको विषयलाई समेटेर वृत्तचित्र पनि देखाइएको थियो। सताक्षी मिडिया प्रालिले संयोजन गरेको कार्यक्रमको सहजीकरण पत्रकार विनोद सापकोटाले गरे ।
कार्यक्रममा नागरिक अभिमतको प्रतिवेदन पनि सार्वजनिक गरिएको थियो। १०० वटा नागरिक अभिमतको प्रतिवेदन अनुसार वडा नम्बर ८ मा सञ्चालित विकास आयोजना र त्यसको प्रभावकारिताका विषयमा ७८ प्रतिशत वडाबासीले सन्तुष्ट व्यक्त गरेका छन्। यस्तै सेवा प्रवाह सम्बन्धीको नागरिक अभिमतमा ८१ प्रतिशत वडाबासी सन्तुष्ट छन् ।
कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष फेउदिनले गरेका थिए भने सहभागीलाई स्वागत दलित महिला वडा सदस्य टिकामाया विश्वकर्माले गरेकी थिइन् ।


## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला संखुवासभा,मनकामना गा.वि.स. वडा नं.७ स्थायी घर भई हाल जिल्ला झापा बुद्धशान्ति गा.पा. वडा नं.०१ बस्ने श्री शिवकुमार तामाङको मिति२०७९/०६/२५गते मृत्यु भएकाले मेरो श्रीमान स्व.शिवकुमार तामाङको नाममा सप्तकोशी डेभलपमेन्ट बैंक लि.बिर्तामोड शाखामा रहेको बचत खाताको रकम दिलाई पाऊँ भनी मिति २०८१/०१/३०गते निज स्व. शिवकुमार तामाङकी पत्नी वर्ष ६२ की हाल जिल्ला तेह्रथुम, लालीगुराँस न.पा. वडा नं.०९देउके माया गुरुङले यस बैंकमा निवेदन दिएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो ३५ दिने सूचना जारी गरिएको छ । उल्लेखित रकम माथि कसैको हकदावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हक हिस्सा पाउने प्रमाणसमेत राखी दरखास्त दिनु होला । म्यादभित्र सबुत प्रमाण सहित कसैको दावी उजुरी नआएमा निवेदकलाई निज स्व. शिवकुमार तामाङको नामको रकम उपलब्ध गराइने जानकारी समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"
शाखा कार्यालय,बिर्तामोड
फोन नं. 023-590872

## डिभिजन वन कार्यालय, झापाको काठ दाउरा लिलाम बिक्रि संबन्धि सूचना

(पहिलो पटक प्रकाशन मिति २०८१।०३।६ गते)

आ.व. २०८०/०८१ मा SASEC Highway Enhancement Project (SHEP) ADB Project No.P52097-003 NEP अन्तर्गतको काकडभिट्टा लौकही सडक खण्ड मध्ये दमक सब डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको चेनेज सम्मको सिमाभित्र परेका रुखहरु मध्ये सम्बन्धित आयोजनाबाट कटान,मुछान,टुनटुक्रा भई घाटगद्दीमा पाईलिङ समेत भई सो आयोजनाबाट मिति २०८१।२।२७ मा यस कार्यालयलाई हस्तान्तरण भई आएकोदमक सब डि.ब.का.,दमक अन्तर्गत झिलझिलेघाटगद्दीमा रहेको साल,सिसौ,कदम, जामुन,पिठारी,सागवान,मसला बृ.सिसौ, सिमल,सहित अन्यजातको गोलिया थान १५६५ को परिमाण १४५८५.९९क्यु.फि. गोलिया काठ, तथा सागवान(वल्लावल्ली) थान ३६८ को परिमाण ७९२.९५ क्यू.फी. र साल मिश्रित, सिसौ टिक मिश्रित र अन्य विभिन्न जातको दाउरा १३८.७५ चट्टाको (वन (दोश्रो संशोधन) नियमावली,२०८१ बमोजिम पुनःमुल्यांकन गरीएको)बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले दिन २१ (एक्काइस) भित्रमा वन निर्देशनालय, धरान, कोशी प्रदेश र यस कार्यालयबाट प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भएका डिभिजन वन कार्यालयमा सुचीकृत गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगलेप्रत्येक लटको लागि छुट्टाछुट्टैबोलपत्र खरीद गरी २२ औं दिनमा दिनको १:०० बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ । बिस्तृत ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटी तथा कार्यालयको Web site dfojhapa.koshi.gov.np मा राखिएको छ ।

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जनताको भावना बुझ

मुलुकमा यतिबेला लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था छ। दलका प्रतिनिधिले राज्यका निकायहरूलाई प्रतिनिधित्व गरेका छन्। प्रमुख दलहरूको भूमिकामा चित्त नबुझेका कारण गत स्थानीय तह निर्वाचनका बेला स्वतन्त्र व्यक्तिहरूलाई पालिका तहमा निर्वाचित गरेका छन्। आम नागरिकलाई दलप्रति अविश्वास पैदा हुँदै गएको हो । दलले उठाएका मानिसप्रतिको अविश्वास जागेको हो। त्यही भएर काठमाडौं महानगरपालिका, धरान उपनगरपालिका, धनगढी उपनगरपालिकामा स्वतन्त्र व्यक्तिले निर्वाचित भई नेतृत्व प्रदान गरिरहेका छन्।

गत आइतबार मात्र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) ले दलका तर्फबाट निर्वाचित पदाधिकारीविरुद्ध अभिव्यक्ति दिएका छन्। नगरसभाको १५औं अधिवेशनको दोस्रो बैठक चलिरहेका बेला जनप्रतिनिधिलाई बोल्न नदिइकनै उनले बैठक स्थगित गरे। जसलाई उनले दलहरूले बहिष्कार गरेको आरोप लगाएका छन् भने दलहरूले बहिष्कार गरेको नभई नगर प्रमुखले आफूहरूलाई बोल्न नदिएको र आफैं स्थगन गरेको दाबी गरेका छन्।

हाम्रो मुलुकले अहिले अंगालेको शासन व्यवस्था बहुदलीयतामा आधारित छ। त्यसैले यस्तो व्यवस्थामा सानो/ठूलो, क्षेत्रीय, जातीय तथा जुनसुकै सिद्धान्त र विचारमा आधारित भएपनि उसको अस्तित्व नकार्न पाइँदैन। नगर सभामा सहभागी दलीय प्रतिनिधिले राख्ने धारणा नै दलगत हो। किनकि उनीहरूले त्यसो गरेनन् भने त्यो दलीय सिद्धान्त र मार्गविपरीत हुन्छ। बालेनले नाम लिएका कांग्रेस र एमालेका सयौं गल्ती/कमजोरी छन्। तर पनि अहिले बालेन जे मनलागी गर्न र यिनैलाई होच्याउन पाएका यिनै दलको नेतृत्वमा भएको आन्दोलनको परिणाम हो। मुलुकमा प्रजातन्त्र ल्याउन योगदान गरेका आधारमा यी ठूला दललाई जे गर्न पनि छुट हुनुपर्छ भन्ने पक्कै हैन तर सबैको योगदानको कदर गरेर र अग्रजहरूलाई गच्छेअनुसारको सम्मान गर्दै अघि बढ्ने मात्र सफल हुन सक्छ। बालेन अहिले एउटा समूहबीच वाहवाहीको पात्र बनेका छन्। जति नम्र हुन्छ, उसैले मार्ने हो बाजी। बालेन स्वतन्त्र उठेर जितेका हुन्। त्यसैले उनी कसैप्रति जिम्मेवार हुनुपर्दैन। तर दलबाट उठेर जितेकाहरू आफ्नो दलप्रति जिम्मेवार हुनुपर्छ । यस अर्थमा बालेन मात्र विकासप्रेमी, बाँकी सबै खराब भन्ने जुन छाप छाड्न खोजिएको छ, त्यसले कसैको हित गर्दैन। नगर प्रमुख जस्तो महत्वपूर्ण ठाउँमा आसिन बालेनले जनताकै मत पाएर जितेका हुन् र जनताको भावना अनुसार काम गर्नु पर्छ ।




# सार्वजनिक खरिदका मार्गचित्र



• डा. सुशील पौडेल

पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको सूचना प्रविधि क्षेत्रका मुद्दालाई अदालतले सदर गर्दै जानुले यस क्षेत्रमा हुने भ्रष्टाचारलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बहसको खाँचो देखिन्छ । वास्तवमा सूचना प्रविधिका सेवा र वस्तुको खरिदमा मात्र होइन, पैठारी गरिएका अन्य ब्रान्डेड सामग्रीमा समेत मिलेमतोका समस्या छन् । कतिपयले कारोबारपश्चात् बिक्रेताबाट क्रेताले प्रत्यक्ष अप्रत्यक्ष लाभ लिई राखेकै हुन्छन् । जस्तै- निःशुल्क तालिम, पाँचतारे होटलका कार्यक्रम र पार्टी, जिन्सी उपहार तथा विदेश भ्रमण आदि जसलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४, ५ र ८ ले भ्रष्टाचारको रूपमा परिभाषित गरेको छ तर यी कार्य व्यापारिक उत्प्रेरकको रूपमा सर्वस्वीकार्य मात्र छैनन्, कुनै कुनै सार्वजनिक निकायले त बोलपत्रमै तालिमको बहानामा विदेश घुम्न लैजानै पर्ने सर्त पनि राख्ने गरेका छन् । यसबाहेक, कतैकतै पछिल्लो समयमा आफ्नै आपूर्तिकर्ताको व्यावसायिक साझेदार बनी उसैलाई टेन्डर उपहार दिने डरलाग्दो क्रम देखिएको छ, जसलाई समयमै कारबाहीको दायरामा ल्याइएन भने अनियमितताले विकराल रूप लिने देखिन्छ । मिलेमतोका कारण न्यून गुणस्तरका सामग्री बिक्रीवितरण हुने, उत्पादित वस्तुको स्वतन्त्र विनिमय नहुने, प्रतिस्पर्धात्मक बजारमा ह्रास आउने हुँदा उत्पादकहरू समेत वस्तु र सेवा विशिष्टीकरणभन्दा पनि अनैतिक गतिविधितर्फ लाग्ने र यसले समस्त बजार अर्थतन्त्रलाई विफलतातर्फ डोऱ्याउँछ ।

उदाहरणका लागि सूचना प्रविधिको बोलपत्र आह्वानका क्रममा मिलेमतो कसरी गरिन्छ त ? जब क्रेता र बिक्रेताबिच हिमचिम बढ्न गई व्यक्तिगत सर्तको मिलनविन्दु भेटिन्छ तब उक्त बिक्रेता आफैंले स्पेसिफिकेसन तयार गरी तीन वटा दरभाउपत्र उपलब्ध गराउँछन् भने क्रेताले सोही अनुरूप बजेट व्यवस्थापन गर्छन् । अन्य कम्पनीले बोलपत्रमा भाग लिई सस्तोमा सामान आपूर्ति नहोस् भनी स्पेसिफिकेसनमा केही नयाँ सर्तहरू थपिन्छ, जुन मतियारबाहेक अन्य कम्पनीले पूरा गर्न नसक्ने खालका हुन्छन् । अनि प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट फालिन्छन् । आशयपत्र माग गरिएको अवस्थामा चयन गर्न मिल्ने कम्पनीलाई पहिले नै कमिसन प्रतिशतको सुनिश्चितता गरेर मात्र सूची प्रकाशन गरिन्छ । विदेशबाट आयात गरिने सफ्टवेयर र हार्डवेयरका हकमा एक कदम अगाडि बढी उत्पादक वा उसको वितरकले मतियार कम्पनीको नाममा ग्राहक दर्ता गरी उक्त कम्पनीबाहेक अन्यलाई उत्पादकको अधिकृत बिक्रेता फारम वा मूल्य उपलब्ध नगराई मतियार कम्पनीले मात्र बोलपत्र पेस गर्न पाउने र खरिदकर्ताले मोटो कमिसन पाउने कुराको सुनिश्चितता गरिन्छ तर केही खरिदमा भने स्पेसिफिकेसन टुङ्गो लागिसकेको अवस्थामा वा परामर्शदाताको चलखेलका कारण क्रेतालाई जानकारी नदिई अधिकृत बिक्रेता, वितरक वा उत्पादकको मिलेमतोमा सामानको मूल्य एकलौटी रूपमा निर्धारण गरी दरभाउपत्र पेस गर्ने गर्छन् । यसरी खरिदकर्ता, परामर्शदाता र अधिकृत बिक्रेताले मात्र मिलेमतो गर्ने नभई वितरक र उत्पादक पनि त्यसमा सामेल हुन सक्छन् । वितरक र उत्पादक आफू कानुनी क्षेत्राधिकार भित्र नपर्ने हुँदा प्रायः उनीहरूले नै बिक्रेतालाई अपत्यक्ष दबाब र लोभ देखाउने तथा क्रेतालाई भेटी बिचौलियाको भूमिका निर्वाह गरेका हुन्छन् । अन्तर्राष्ट्रिय बजारमा वितरक र उत्पादकको स्वच्छ छविको निकै ठुलो व्यापारिक अर्थ हुने हुँदा यी दुई पक्षलाई कानुनी कठघरामा उभ्याउने बित्तिकै तिनका अधिकृत बिक्रेताहरू स्वतः अनुशासित हुन्छन् । स्मरण रहोस्, नेपालमा बिक्री हुने ८० प्रतिशतभन्दा बढी सूचना प्रविधिका सामग्रीको वितरक विदेशी कम्पनी छन् ।

मास्लोको आवश्यकताको सिद्धान्त अनुसारकर्मचारीको आयआर्जनबाट आफ्ना आधारभूत आवश्यकता पूरा नहुने अवस्थामा ऊ भ्रष्टाचारतर्फ आकर्षित हुन्छ । सामूहिक क्रिया सिद्धान्तका अनुसार जब भ्रष्टाचार एक सामाजिक आदर्श बन्छ, तब कर्मचारीहरू त्यसलाई काम गर्ने प्रक्रियाका रूपमा स्वीकार्छन् । भ्रष्टाचारको नकारात्मक परिणामको बारेमा जानकारी भए पनि एक जना व्यक्ति मात्र इमानदार हुँदैमा भ्रष्ट प्रणाली सुधार नहुने ठानी भ्रष्टाचार गर्न सुरु हुन्छ । यस्तै, गेम सिद्धान्तका अनुसार यदि कुनै व्यक्ति वा व्यापारी नैतिकवान् हुँदाहुँदै पनि उसले भ्रष्ट आचरणमा संलग्न नहुँदा उसका सहकर्मी वा प्रतिस्पर्धीहरूले पाउने लाभ उसको भन्दा बढी हुने हुँदा ऊ भ्रष्टाचारमा तानिन्छ । प्रिन्सिपल एजेन्ट थ्योरी अनुसार जनता, सरकार वा संसद्ले प्रायः कर्मचारीलाई पूर्ण रूपमा निगरानी र नियन्त्रण गर्न सक्दैनन्, जसले गर्दा कर्मचारीमा सरकारको सट्टा आफ्नो स्वार्थका लागि काम गर्ने चाहना बढ्छ । नेपालमा भएका पछिल्ला भ्रष्टाचार काण्डमा राम्रो आर्थिक हैसियत भएका माथिल्लो तहमा पुगेका कर्मचारी र व्यापारीहरू संलग्न भएको हुँदा यसमा मास्लोको आवश्यकताको सिद्धान्त लागु नभई सामूहिक क्रिया, गेम थ्यौरी र प्रिन्सिपल एजेन्ट थ्यौरी लागु हुन्छ । यस अवस्थामा न्यूनीकरणका उपयुक्त उपायमा अनुगमन, निरीक्षण र प्रमाणीकरण नै प्रमुख रहेको हुँदा त्यसैलाई आधार मानी सार्वजनिक खरिद नियमावलीमा गर्नुपर्ने सुधारलाई सुझावका रूपमा यहाँ प्रस्तुत गरिन्छ ।

सार्वजनिक खरिद नियमावली (तेह्रौं संशोधन) २०८०, दफा ८५(१)(क) ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक निकायले १० लाख रुपियाँसम्मको वस्तु र पाँच लाख रुपियाँसम्मको सेवा सिधै खरिद गर्न सक्ने जुन तजविजी अधिकार दिइएको छ, यो व्यवस्था नै भ्रष्टाचार बढ्नुको प्रमुख कारणमध्ये एक हो । सरकारी जागिरमा लागेको केही महिनापछि नै यो व्यवस्थाले भ्रष्टाचार कसरी गर्नु पर्छ भनी उक्साउँछ । बिस्तारै अनैतिक धनतिर ध्यान खिच्दै लैजान्छ । सूची दर्ता देखावटी रूपमा गरिन्छ भने कागजी कामको आधारमा मोटो रकमको लेनदेन हुन्छ । यसको समाधानका रूपमा जिल्ला वा स्थानीय निकायलाई आवश्यक हुने सम्पूर्ण वस्तु वा सेवाको वार्षिक अधिकतम मूल्य केन्द्रबाट निर्धारण गरी सूचीकृत कम्पनीमध्येबाट खरिद गर्ने व्यवस्था गर्नु पर्छ । यसरी राखिएको मूल्यसूचीमा व्यापारीहरूले ३६५ दिन नै पुहँच पुऱ्याइ बिक्री मूल्य अद्यावधिक गर्न सक्ने केन्द्रीय पोर्टलको निर्माण गर्नु पर्छ । सर्वसाधारण जनतालाई समेत उक्त वेबसाइटमा पहुँच हुने हुँदा मूल्य वृद्धि नियन्त्रणमा यसको बहुआयामिक उपयोग गर्न सकिन्छ ।

नेपालमा पैठारी हुने अन्तर्राष्ट्रिय ब्राण्डका सामानको वितरक नेपाली कम्पनी नै हुनु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्छ, जसले आफैं वा अधिकृत बिक्रेतामार्फत बिक्रीवितरण गर्न पाउने र सोको भुक्तानी नेपालको बैङ्कबाट सिधै उत्पादकलाई गर्नुपर्ने व्यवस्था गर्दा भ्रष्टाचारमा निकै कमी आउँछ । यसबाट चार वटा फाइदा हुन सक्छ : विदेशमा कार्यालय सञ्चालन गर्ने वितरक कम्पनीले नेपालमा वार्षिक अर्बौंको कारोबार गर्ने तर करको दायरामा नआएको अवस्था छ । नेपाली कम्पनी नै वितरक भएमा करमा उल्लेख्य वृद्धि हुन्छ ।

दोस्रो, नेपाली कम्पनीको अन्तर्राष्ट्रिय बजारमा सिधा पहुँच हुने र व्यापार अनुभव प्राप्त गरी दीर्घकालमा देशको आर्थिक उन्नतिमा उल्लेख्य योगदान गर्न सक्छन् । तेस्रो, विदेशी नागरिकले नेपालका सार्वजनिक निकायमा सिधा पहुँच बनाई कुन संस्थामा कुन सामान कसले बिक्री गर्ने भनी छिनोफानो गर्ने अहिलेको अवस्थाबाट देशले मुक्ति पाउँछ र देशको खरिद प्रक्रिया आफ्नै नियन्त्रणमा हुन्छ । सूचना प्रविधिलाई प्रवर्धन गर्ने सबैभन्दा उत्तम उपाय नै नेपाली कम्पनीको उत्थान भएको हुँदा सरकारले यो व्यवस्था तुरुन्त लागु गर्नु पर्छ । चौथो, अधिकृत बिक्रेता वा वितरकले सेवा वा वस्तुको भुक्तानी बैङ्किङ प्रणाली प्रयोग गरी उत्पादकको बैङ्क खातामा सिधै स्थानान्तरण गर्ने हुँदा कमिसनबापतको रकम विदेशमा पुऱ्याइ लेखामान दुरुस्त राख्न 'मै हुँ' भन्ने बिक्रेतालाई पनि सजिलो हुने छैन ।

नेपाल भित्रै हुने मिलेमतोको अर्को पाटो, वितरक र उत्पादकले एकभन्दा बढी कम्पनीलाई अधिकृत बिक्रेताको प्रमाणपत्र नदिने र फरक फरक दररेट दिई बोलपत्र कसले जित्ने भन्ने कुराको निर्णय उनीहरू आफैं गर्ने अहिलेको अवस्थाको समाधानका लागि प्रत्येक बोलपत्रमा छुट्टाछुट्टै प्रमाणपत्र पेस गर्ने अहिलेको नियमलाई परिवर्तन गरी आर्थिक वर्षको सुरुमै एक पटक मात्र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सम्बोधन गरी प्रमाणपत्र पेस गरी सूचीकृत हुने व्यवस्था गर्नु पर्छ । एकै बोलपत्रमा फरक फरक दररेट दिएको भेटिएमा वितरक भए उसको प्रमाणपत्र रद्द गरी भ्रष्टाचारको मुद्दा लगाउने र उत्पादक भए उसको वस्तु तथा सेवा नेपालमा बिक्री वितरण गर्न रोक लगाउने परिपाटीको सुरुवात गर्नु पर्छ ।

प्राविधिक मूल्याङ्कनमा हुने मिलेमतो हटाउन प्राविधिक मूल्याङ्कनमा असफल भएका बिक्रेताको आर्थिक प्रस्ताव पनि खोली यदि उसले न्यूनतम मूल्यमा दरभाउ पत्र पेस गरेको पाइएमा यस्ता बिक्रेताको प्राविधिक प्रस्तावको मूल्याङ्कन केन्द्रीय स्तरमा पुनः रुजु गर्नु पर्छ । यस व्यवस्थाले रद्द गरिने बोलपत्रको सङ्ख्यामा पनि कम्तीमा ५० प्रतिशतले कमी आउँछ ।

क्रेताले कम्तीमा तीन वटा ब्रान्ड र मोडेल सन्दर्भ सूचीका रूपमा प्रस्तुत गर्नु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्छ । ब्राण्ड मोडेल गोप्य गर्ने अहिलेको व्यवस्थाले बोलपत्रलाई प्रतिस्पर्धी नबनाई अधिकांश अवस्थामा मिलेमतोलाई प्रश्रय दिएको देखिएको हुँदा सो व्यवस्थालाई सुधार्नु हितकर हुन्छ । यसले कुनै एक वा दुई बिक्रेताले मात्र भाग लिने अवस्थाको अन्त्य भई प्रतिस्पर्धी वातावरणको सिर्जना हुन्छ । यदि कुनै प्रक्रियाले नकारात्मक प्रभाव परेको छ भने त्यसले बढी नै क्षति पुऱ्याउनु अघि त्यस्ता नियमलाई समयसापेक्ष सुधार गर्न पछि पर्नु हुँदैन । सेवा वा वस्तु वा निर्माणको खरिद, अग्रिम भुक्तानीलाई पूर्ण बन्द गर्नु पर्छ । यो अग्रिम कमिसन बन्द गरे बराबर नै हुन्छ ।

# अवकाशपछिको जीवन



• भोला शर्मा

कर्मचारी प्रशासनको पहिलो चरण भर्ना हो भने अन्तिम चरण अवकाश । अवकाश भएपछि कर्मचारीले बर्खास्त भएको अवस्थामा बाहेक सङ्गठनका लागि गरेको योगदान स्वरूप ओहदा र अवकाशको प्रकृति हेरी निवृत्तिभरण, उपदान र अन्य सुविधा प्राप्त गर्छन् । अवकाश भएका कर्मचारीको सुविधा पनि कति दिने भन्ने कुरा सरकारको हातमा हुन्छ । उनीहरूले समान बहालवाला कर्मचारीको बढेको तलबको दुईतिहाइ रकम निवृत्तिभरण वृद्धि हुन्छ र प्रत्येक वर्ष एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्च पाउँछन् । जसरी कुनै कम्पनीको सेयर होल्डरले बढीभन्दा बढी लाभांश, ऋण दिने साहुले बढीभन्दा बढी ब्याज, जमिनदारले बढीभन्दा बढी कुत, बहालवाला कर्मचारीले बढीभन्दा बढी तलब तथा अन्य सुविधाको अपेक्षा गरेजस्तै निवृत्त कर्मचारीले पनि निवृत्तिभरणको अपेक्षा गर्नु स्वाभाविक नै हो । तसर्थ सरकारले निवृत्त कर्मचारीको जीवन व्यवस्थापनका लागि बृहत् सोच र योजनाका साथ थप सहुलियत र सुविधा प्रदान गर्न जरुरी छ । किनकि जीवनको उत्तरार्धमा शारीरिक तथा मानसिक रूपमा कमजोर हुँदै जाने क्रममा उसलाई बढीभन्दा बढी सुरक्षाको अनुभूतिका लागि थप सुहलियत तथा सुविधा आवश्यक पर्ने हुन्छ ।

निजामती कर्मचारीलगायत सार्वजनिक संस्थानका कर्मचारी ५८ वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउँछन् । विशिष्ट श्रेणीको मुख्य सचिवमा तीन वर्ष र सचिव पदमा पाँच वर्ष सेवा अवधि पूरा भएपछि अनिवार्य अवकाश पाउने व्यवस्था छ । त्यसैगरी नेपाल प्रहरी सेवामा ३० वर्ष सेवा अवधि पूरा भएपछि तथा नेपाली सेनामा १६ वर्षदेखि २० वर्षसम्म (ओहदा अनुसार) सेवा गरेपछि अवकाश दिने व्यवस्था छ । त्यसै गरी स्वास्थ्य सेवाका कर्मचारी, संसद् सेवाका कर्मचारी र विद्यालय शिक्षक ६० वर्ष उमेर पूरा भएपछि, विश्व विद्यालयका प्राध्यापक ६३ वर्ष उमेर पूरा भएपछि, संवैधानिक निकायका पदाधिकारी र सर्वोच्च अदालतका न्यायाधीश ६५ वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश हुने व्यवस्था छ ।

वास्तवमा अनिवार्य अवकाश भएका कर्मचारीको जीवन त्यति सहज भएको देखिँदैन । कर्मचारी कुन पदबाट अवकाश भएको हो, सम्बन्धित कर्मचारीको आर्थिक अवस्था, निजको अमूक राजनीतिक दलसँगको सम्बन्ध, श्रम बजारमा अवकाश प्राप्त कर्मचारीको माग र आपूर्तिको अवस्था आदि पक्षले अवकाशपछिको जीवन कस्तो हुन्छ भनेर निर्धारण गर्छ । जीवनभर पेसागत उन्नयनमा रमाएका र विभिन्न भौगोलिक, प्राकृतिक, सांस्कृतिक र मनोसामाजिक अवस्थाका बारेमा प्रशस्त ज्ञान र अनुभव आर्जन गरेका कर्मचारी पाको र परिपक्व अवस्थामा घरको चौघेरामा मात्र सीमित हुन पुग्दा केही निराशा पैदा हुनु अस्वाभाविक होइन । नेपालको सन्दर्भमा ५०-५५ वर्ष उमेर पार गरेपछि कर्मचारीको स्मरण वा कल्पना शक्तिमा ह्रास आउन थाल्ने विज्ञको विश्लेषण छ । तसर्थ एक निश्चित उमेर पार गरिसकेपछि उनीहरूलाई अवकाश दिने प्रचलन नौलो होइन । नेपालमा कर्मचारी अवकाशको उमेरको हद साधारणतया ५८ वर्ष र बङ्गलादेसमा ५९ वर्ष रहेको छ । छिमेकी मुलुक भारतमा यस्तो उमेर हद ६० वर्ष रहेको छ । त्यसै गरी अस्ट्रेलियामा ६७ वर्ष, अमेरिकामा महिला कर्मचारीका लागि औसतमा ६३ वर्ष र पुरुष कर्मचारीका लागि औसतमा ६५ वर्ष रहेको छ । त्यसै गरी विश्वका अन्य मुलुकमा यस्तो उमेर हद कतै ६२, कतै ६५, कतै ७० त कतै ७५ वर्षसम्म रहेको छ । हुन त विकसित देशमा स्वास्थ्य, शिक्षा, पोषण जस्ता कुरामा भएको सुधारका कारण औसत आयु बढेकाले अवकाशको उमेर हद पनि बढेको हुन सक्छ । नेपालमा पनि औसत आयुमा भएको वृद्धि र अनुभवी कर्मचारीको कार्यसम्पादनमा देखिएको ऊर्जाका कारण अनिवार्य अवकाशलाई कम्तीमा ६० वर्ष पुऱ्याउनु पर्ने देखिन्छ ।

काशिराज दाहालको संयोजकत्वमा गठित नौ सदस्यीय प्रशासन सुधार सुझाव समिति, २०६९ ले २०७० चैत २० गते पेस गरेको प्रतिवेदनमा पनि कर्मचारीको अनिवार्य अवकाश उमेर ६० वर्ष पुऱ्याउनु पर्ने सिफारिश गरेको छ । कर्मचारीको सक्रिय जीवनलाई थप ऊर्जाशील र क्रियाशील बनाउँदै खारिएको अनुभवको अझ उच्च कदर गर्न यो अत्यन्त आवश्यक छ ।

कर्मचारी भर्नापश्चात् अवकाश अवश्यम्भावी छ । तसर्थ भर्ना नीतिले नै अवकाश योजनालाई प्रस्ट पारेको हुनु पर्छ । अवकाशवाला राष्ट्र सेवकको ज्ञान, सिप र अनुभव उपयोग गर्ने खालको अवकाश योजना जरुरी छ । त्यसै गरी प्रत्येक वर्ष अवकाश पाएका कर्मचारीसँग अन्तर्क्रियात्मक कार्यक्रममार्फत अनुभव साटासाट गर्ने अवसर प्रदान गर्नु पर्छ ।

प्रशासनिक उच्च पदस्थ अधिकारीहरू अवकाशपछि राजनीतिक नियुक्ति पाउन सक्ने साथै निजी, गैरसरकारी र अन्तर्राष्ट्रिय संघ संस्थामा पुनः सेवामा जान सक्ने अवस्था रहने भएकोले अवकाशलाई मानव जीवनको अभिन्न वैकल्पिक वृत्तिपथका रूपमा पनि लिन सकिन्छ । नेपालको संविधानको धारा ५१ को उपधारा ७ मा पूर्वकर्मचारी, सैनिक र प्रहरीलगायतका पूर्वराष्ट्रसेवकमा रहेको ज्ञान, सिप र अनुभवलाई राष्ट्रहितमा उपयोग गर्ने नीति लिइएको छ । तदनुरूप अवकाशोन्मुख कर्मचारीलाई बेलैमा वृत्ति व्यवस्थापनका सवालमा परामर्श, सेमिनार अनि गोष्ठीमार्फत वैकल्पिक वृत्तिक्षेत्र पहिचान गर्न सघाउने कार्यक्रम ल्याउनु सान्दर्भिक हुन्छ ।

अवकाश भएका कर्मचारीको सबभन्दा चुनौतीपूर्ण पक्ष सामाजिकीकरण हो । कतिपय कर्मचारी लामो साङ्गठनिक कार्यजीवनपश्चात् सार्वजनिक काम तथा कार्यक्रममा संलग्न नभई घरमै बस्ने, विगतको साङ्गठनिक कार्यको स्मरण गर्दै टोलाउने, एकोहोरो सोच्ने, एक्लै बोल्ने, धुमपान र मदिरापान अत्यधिक गर्ने तथा विभित्र रोग आफैं निम्त्याएर आफ्नो आयु आफैं घटाएर बस्ने गरेको पनि पाइन्छ । यो सबैभन्दा जटिल समस्या हो । यसको समाधानका लागि अवकाश भएका कर्मचारीको ज्ञान, सिप र अनुभव प्रयोग गर्ने बृहत् राष्ट्रिय मानव स्रोत व्यवस्थापन योजना ल्याउन आवश्यक छ । यसबाट अवकाश प्राप्त कर्मचारी पनि राष्ट्रका अमूल्य सम्पत्ति हुन भन्ने भनाइले सार्थकता प्राप्त गर्न सक्छ ।

यसरी अवकाश प्राप्त कर्मचारी पनि राष्ट्रका अमूल्य सम्पत्ति हुन् । अवकाश एउटा निश्चित र स्वाभाविक प्रक्रिया भएकोले यस सम्बन्धमा सरकार र स्वयम् कर्मचारीले पनि बाँकी जीवनको अनुमानयोग्य पूर्वयोजना बनाउनु अपरिहार्य छ । सरकारले कसरी अवकाश भएका कर्मचारीको ज्ञान, सिप, क्षमता र अनुभव उपयोग गर्ने भन्ने वैकल्पिक रोजगारमूलक योजना बनाउन सान्दर्भिक देखिन्छ भने कर्मचारीले पनि साङ्गठनिक जीवनको उत्तरार्धमा आफ्नो सामाजिकीकरणको कुनै एउटा रुचि वा विशेषज्ञताको क्षेत्रमा सिप र क्षमता विकास गर्नुपर्ने देखिन्छ । त्यसैले अवकाश भएका कर्मचारीले प्रतिफलको कुनै अपेक्षा नराखी आफ्नो जीवन वैकल्पिक पेसामा आबद्ध गर्नु नै बुद्धिमानी हुन्छ । यसबाट निवृत्त कर्मचारीको शारीरिक, मानसिक, पारिवारिक, आर्थिक एवं सामाजिक सुरक्षा क्रियाशील भई सरल, सुगम एवं प्रभावकारी जीवन व्यवस्थापन हुन्छ ।

# छाउगोठमा एक जना किशोरी बलात्कृत

झापा(प्रस) । छाउगोठमा बसेकी एक किशोरी बलात्कृत भएकी छिन् । अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिकाकी १६ वर्षीया किशोरीमाथि सोमबार राति सामूहिक बलात्कार भएको हो ।

किशोरी बलात्कारको आरोपमा प्रहरीले स्थानीय १७ वर्षीय किशोरलाई पक्राउ गरेको छ । पञ्चदेवल विनायक नगरपालिकामा मामाघरमा बस्दै आएकी १६ वर्षीया किशोरी मामाघरको नजिक रहेको छाउगोठमा मङ्गलवार बिहान अचेत अवस्थामा भेटिएकी हुन् । उनी ११ वर्षदेखि मामाघरमै बस्दै आएकी थिइन् ।

उनलाई अचेत अवस्थामा देखेपछि मङ्गलवार बिहान स्थानीय एक जना किशोरीले प्रहरीलाई खबर गरेकी थिइन् । स्थानीय किशोरीले जानकारी दिएलगत्तै इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोली र पञ्चदेवल विनायक नगरपालिकाका नगरप्रमुख अम्बिका चलाउनेलगायतले उनको उद्धार गरेर जिल्ला अस्पताल अछाम पठाएका थिए । अछाम जिल्ला अस्पतालमा गरिएको स्वास्थ्य परीक्षणमा उनी बलात्कृत भएको पुष्टि भएको थियो ।

अस्पतालमा उपचारपश्चात् होसमा आएकी ती किशोरीले आफूमाथि बलात्कार भएको प्रहरीलाई भनेकी थिइन् । उनले स्थानीय १७ वर्षीय किशोर लगायत ३/४ जनाले बलात्कार गरेको बताएकी थिइन् । आँखा र घाँटीमा कपडाले बाँधेकोले अन्य व्यक्तिलाई आफूले चिन्न नसकेको पीडित किशोरीको भनाई छ ।

अछाम प्रहरी प्रमुख डीएसपी सन्तोष पाठकले किशोरी बलात्कृत भएको पुष्टि गरे । उनीसहितको टोलीले मङ्गलवार बेलुकी घटनास्थल पुगेर घटनाबारे थप जानकारी लिएको अछाम प्रहरीले बताएको छ ।

मङ्गलवार बिहान उनको उद्धारमा गएकी नगरप्रमुख अम्बिका चलाउनेको टोलीले छाउगोठ भत्काएको छ । उनलाई अचेत अवस्थासम्म गोठमै राखिएको भन्दै नगरप्रमुख चलाउनेले गोठ भत्काएकी हुन् । किशोरी होसमा नआउन्जेलसम्म उनी बिरामी भएको भन्दै उद्धार गरिएको थियो । घटनाको थप अनुसन्धान भइरहेको अछाम प्रहरी प्रमुख सन्तोष पाठकले बताए ।

# दूधको भुक्तानी तत्काल उपलब्ध गराउन ध्यानाकर्षण

झापा(प्रस) । नेकपा एमाले सांसद महेश बर्तौलाले दूध किसानको बक्यौता रकम तत्काल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएका छन्। बुधबार प्रतिनिधिसभा बैठकमा आकस्मिक समय लिएर सांसद बर्तौलाले किसानको भुक्तानीका लागि सरकारको ध्यानाकर्षण गराएका हुन्।

उनले बुधवारदेखि आन्दोलन सुरू गरेका किसानलाई प्रहरीले नियन्त्रणमा लिएको भन्दै गृहमन्त्रालयको ध्यानाकर्षणसमेत गराए।

'दूधको बक्यौताको माग गर्दै बुधवारदेखि किसानहरू आन्दोलनमा उत्रिएका छन्। आन्दोलित ४५ बढी किसानलाई प्रहरीले हिरासतमा राखिएको छ। उहाँहरूमाथि चरम



धरपकड भएको छ। उनीहरूले न्यायोचित माग उठाएका छन्। दूध बेचेको रकम भुक्तानीका लागि आन्दोलन गर्नुपर्ने परिस्थितिमा किसानहरू पुगेका हुन्, 'उनले भने,'यसकारण सभामुखमार्फत सरकारको, कृषि मन्त्रालय र अर्थमन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु। राज्यको तर्फबाट र राज्यले वातावरण बनाइदिएर किसानहरूले पाउनेपर्ने दूधको बक्यौता अविलम्बन प्राप्त होस् । भुक्तानी गरियोस्।'

एमाले प्रमुख सचेतकसमेत रहेका बर्तौलाले डीडीसीबाट झन्डैं २ अर्ब र निजी डेरीबाट ३ अर्ब गरी झन्डैं ६ अर्ब रुपैयाँ भुक्तानी हुन बाँकी रहेको बताए। किसानहरूले दूधको रकम नपाउँदा गाईवस्तुलाई दानापानीको व्यवस्था मात्रै नभइ आफूहरू पनि भोकै बस्नुपर्ने अवस्थामा पुगेको बताए।

उनले आन्दोलनरत किसानका न्यायोचित माग पूरा गर्न सरकार गम्भीर हुनुपर्ने बताए। उनले भने,' किसानहरूले न्यायोचित माग गरेका छन्। सरकारले तत्काल वार्ताको माध्यमबाट भुक्तानी गर्ने वातावरण सुनिश्चितता गरोस्। यसका लागि फेरि पनि आग्रह गर्न चाहन्छु।' दूधको भुक्तानी नपाएको भन्दै किसानहरूले बुधवारदेखि फेरि आन्दोलन सुरू गरेका छन्।

# मेची भन्सारद्वारा १२ अर्ब ९३ करोड बढी राजस्व संकलन




झापा(प्रस) । मेची भन्सार कार्यालय काँकडभिट्टाले चालु आर्थिक वर्षको ११ महिनामा १२ अर्ब ९३ करोड १७ लाख ३७ हजार राजस्व सङ्कलन गरेको छ । भन्सार कार्यालयले चालु आब सकिन एक महिना बाँकी हुँदा लक्ष्यको ७७ दशमलव ५७ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार चालु आवको ११ महिनामा गत आवको सोही अवधिको तुलनामा आयात तीन दशमलव ६१ प्रतिशतले घट्दा निर्यात भने १० दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ । उनका अनुसार काँकडभिट्टा भन्सारबाट ४० अर्ब ७९ करोड ६१ लाख ७२ हजारको मालवस्तु आयात हुँदा २२ अर्ब २१ करोड ९० लाख १० हजारको मालवस्तु निर्यात भएको छ ।

चालु आवको जेठसम्म गत आवको तुलनामा निर्याततर्फ छुर्पी ६५ दशमलव २९ प्रतिशत, प्लाउड ५६ दशमलव ३३ प्रतिशत, अदुवा ३५ दशमलव ४५ प्रतिशत, अम्रिसो ३१ दशमलव ३४ प्रतिशत र भेनियस सिट १२ दशमलव ५७ प्रतिशतले वृद्धि भएको सूचना अधिकारी कँडेलले जानकारी दिए । अलैँची दुई दशमलव ६१ प्रतिशत र चिया १३ दशमलव ४२ प्रतिशतले निर्यात घटेको उनले बताए ।

यसैगरी, पेट्रोल, फलामका सामग्री र विद्युतीय उपकरणलगायत आयातमा सामान्य वृद्धि हुँदा डिजेल, हवाई इन्धन, तरकारी, जुट, जिप्सम, कपडा, एलपिजीलयायत सामग्री आयात भने गत आवको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा घटेको छ । काँकरभिट्टा नाकाबाट आयात हुने पेट्रोल, डिजेल, जुट र जुटबाट बनेका सामान, खाना पकाउने ग्यास, सबै प्रकारका तरकारी, जिप्सम, अलकिड रेजिन, सबै प्रकारका कपडा तथा फलफूल (जुससमेत), भेनियस सिटलगायत छन् ।

यो नाकाबाट अलैँची, फलामका पाता, प्लाइउड, चिया, छुर्पी, अम्रिसो, अदुवा, सुठो, धातुका अन्य अवशेष, भेनियस सिट, क्लिङ्करलगायत सामग्री निर्यात हुने गरेका छन् ।

# ४ करोडमा बन्यो ६ वटा सिँचाइ आयोजना

झापा(प्रस) । इलामको फाकफोकथुम गाउँपालिकामा चार करोड १९ लाख ८२ हजार चार सय ३२ रुपैयाँको लागतमा ६ वटा सिँचाइ आयोजना निर्माण भएका छन्।

चालु आर्थिक वर्षमा सञ्चालित आयोजनाको काम अन्तिम चरणमा पुगेको फाकफोकथुम गाउँपालिका साना सिँचाइ कार्यक्रमले जनाएको छ।

आयोजनाअन्तर्गत 'ड्याम' र पक्की कुलोलगायत पूर्वाधार निर्माण भएका छन्।

फाकफोकथुम गाउँपालिकामा सञ्चालित साना सिँचाइ कार्यक्रमअन्तर्गत वडा नं ६ बाहेक सबै वडामा एक-एकवटा सिँचाइ कुलो निर्माण भएको छ।



वडा नं १ स्थित धलपुजे टारीटोलमा ६६ लाख ७० हजार २७२ को लागतमा ७० घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी धुलपुजे टारी सिँचाइ कुलो र वडा नं २ स्थित राईगाउँमा ९९ लाख ४४ हजार ६८६ लागतमा ६५ घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी राईकुलो सिँचाइ निर्माण भएको छ।

वडा नं ३ स्थित पिपलडाँडा सल्लेरी गाउँमा ६० लाख ८१ हजार ४१६ को लागतमा १६३ घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी धनसार पिपलडाँडा सल्लेरी सिँचाइ कुलो र वडा नं ४ स्थित गुरुङगाउँमा ५४ लाख २८ हजार ९२० को लागतमा ३९ घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी गुरुङखोला सिँचाइ कुलो निर्माण भएको छ।

यसैगरी, वडा नं ५ स्थित फुङगाउँमा ३९ लाख १४ हजार ३७ रुपैयाँको लागतमा ३१ परिवार लाभान्वित हुनेगरी फुङखोला कुलो र वडा नं ७ स्थित तिवागाउँमा ९९ लाख ४३ हजार ९८ रुपैयाँको लागतमा १२७ परिवारको खेत सिँचाइ गर्नेगरी तिवाखोला ठाडे सिँचाइ कुलो निर्माणको काम अन्तिम चरणमा पुगेको फाकफोकथुम गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले बताए।

आयोजना सम्पन्न भएपछि फाकफोकथुमका छवटा वडाका खेतबारीमा बाह्रैमास पानी पुग्नेछ। आयोजनाबाट २१७ हेक्टर क्षेत्र सिँचाइ सुविधा भएपछि उत्पादन बढ्ने उनले बताए।

सिँचाइ सुविधा पुगेपछि अन्नबाली, नगदेबाली तथा तरकारी बाली उत्पादन र उत्पादकत्वमा वृद्धि हुने स्थानीय पञ्च योङहाङको अपेक्षा छ।

फाकफोकथुममा धान, मकै, गहुँलगायत अन्नबाली, अलैँची, अदुवा, आलु, अम्रिसोजस्ता नगदेबाली तथा अकबरे, मुला, काउली, बन्दाकोबी, सिमीको व्यावसायिक खेती हुँदै आएको छ।

आयोजना सञ्चालनका लागि स्वीस सरकारको ३० प्रतिशत, संघीय र प्रदेश सरकार तथा फाकफोकथुम गाउँपालिकाको २०-२० प्रतिशत र स्थानीय उपभोक्ताको १० प्रतिशत लागत साझेदारी छ।

युवालाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्ने र कृषिको व्यावसायिकीकरणबाट आयआर्जन गर्ने लक्ष्यका साथ साना सिँचाइ कार्यक्रम सञ्चालन गरिएको हो।

# संसद भवनमै गोली हानी सुरक्षाकर्मीले गरे आत्महत्या

झापा(प्रस)। काठमाडौंको नयाँ बानेश्वरस्थित संघीय संसद् भवनको सुरक्षार्थ खटिएका प्रहरी जवानले आफैलाई गोली चलाएका छन्।



संघीय संसद भवनको पश्चिम गेटको २ नम्बर गेटमा सुरक्षार्थ खटिएका प्रहरी जवान अजित गोलेले बुधबार बिहान आफैमाथि गोली चलाएका हुन् । उनको घटनास्थलमै मृत्यु भएको छ।

काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी नवराज अधिकारीका अनुसार संसद भवनको २ नम्बर गेटका बायाँपट्टी रहेको शौचालय गएका उनले आफूले बोकेको इन्सास राइफलले आफ्नै निधारमा फायर गरेका थिए ।

उनी बिहान ८:१५ बजे शौचालयमा मृत भेटिएको एसपी अधिकारीले जानकारी दिए।

दोलखाको मेलुङ गाउँपालिका-४ घर भएका मृतक गोले नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन दरबन्दी भई काठमाडौं उपत्यका प्रहरी कार्यालय संघीय संसद सुरक्षा बेस नयाँ बानेश्वरमा कार्यरत थिए।

सुरक्षाकर्मीको मृत्यु भएको संसद सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको एसपी अधिकारीले जानकारी दिए ।

# नि:सन्तान दम्पतीका लागि नि:शुल्क उपचार

झापा(प्रस)। कोशी प्रदेश सरकारले नि:सन्तान दम्पतीका लागि नि:शुल्क उपचार सेवा उपलब्ध गराउने घोषणा गरेको छ । आगामी आर्थिक वर्षको बजेटमार्फत प्रदेश सरकारले विभिन्न चार वटा अस्पतालबाट नि:शुल्क उपचार सेवा उपलब्ध गराउने घोषणा गरेको हो ।

झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पताल, उदयपुर, धनकुटा र संखुवासभा जिल्ला अस्पतालबाट नि:शुल्क सेवा सुरु हुने प्रदेश सरकारले जनाएको छ ।ती अस्पतालबाट सेवाको सुनिश्चितताका लागि प्रदेश सरकारले १ करोड १० लाख रुपैयाँ बजेट समेत विनियोजन गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
बिर्ता सेफ्टी तथा ढल सफाइ
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुन: सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदु:ख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ